मानननीय मन्त्रीस्तरीय मिति२०८२/०९/१७गतेको निर्णयबाट स्वीकृत

# कृषि तथा पशुपन्छी स्रोतकेन्द्रको दर्ता तथा मापदण्ड सम्बन्धी निर्देशिका, २०८२

**प्रस्तावना**ः गुणस्तरीय कृषि उत्पादन सामग्री, प्राविधिक सेवा र सुविधालाई सुनिश्चित गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि तथा पशुपन्छी स्रोतकेन्द्रको स्थापना तथा विकास, दर्ता, नवीकरण र नियमनसम्बन्धी प्रक्रियालाई एकरूपता, पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

कर्णाली **कृषि व्यवसाय प्रवर्दन नियमावली, २०८० को नियम ३ को उपनियम २ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मापदण्ड निर्देशिका** बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "कृषि तथा पशुपन्छी स्रोतकेन्द्रको दर्ता तथा मापदण्ड सम्बन्धी निर्देशिका, २०८२ " रहेको छ।

(२)यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले कर्णाली कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७९ लाई सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गत मन्त्रालय वा अन्तर्गतका निकायबाट संचालन हुने कृषि सम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ।

(घ) "कृषि" भन्नाले बाली, बागवानी, पशुपन्छी, मत्स्य लगायत कृषिका सबै उपक्षेत्रसँग सम्बन्धित उत्पादन, उद्योग तथा व्यवसाय सम्झनु पर्छ।

(ङ) "कृषि उत्पादन सामग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बीउ, बेर्ना, नस्ल, मत्स्य बीज, सिमेन, भ्रुण, खोप, पशु आहार तथा दानाजन्य पदार्थ, औषधि तथा विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, सेनिटाईजर, डिसइन्फेक्टेन्ट, तरल नाइट्रोजन, पोषक तथा सूक्ष्म तत्व, कृषि औजार उपकरण लगायतका कृषि उत्पादन कार्यमा सहयोग गर्ने वस्तु सम्झनु पर्छ।

(च) "कृषि तथा पशुपन्छी स्रोतकेन्द्र" भन्नाले निश्चित भूगोलमा आधारित भई कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रहरूमा आवश्यक पर्ने गुणस्तरीय बीउबिजन, बिरुवा, पशुपन्छीको गुणस्तरीय नश्ल, घाँसको प्रजाति, तालिम तथा प्राविधिक सेवा उपलब्ध गराउने कृषक, फर्म, कम्पनी, समूह तथा सहकारीलाई सम्झनुपर्छ।

(छ) "निर्देशनालय" भन्नाले कृषिसँग सम्बन्धित कार्यक्रमको हकमा कृषि विकास निर्देशनालय र पशुपन्छीसँग सम्बन्धित कार्यक्रमको हकमा पशुपन्छी विकास निर्देशनालय सम्झनु पर्छ।

(ज) "नियमावली" भन्नाले कर्णाली कृषि व्यवसाय प्रवर्द्धन नियमावली, २०८० सम्झनुपर्छ।

(झ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको कृषि तथा पशुपन्छि हेर्ने मन्त्रालय सम्झनु पर्छ।

३. **सूचना प्रकाशनः** (१) कार्यालयले कम्तीमा एकाइस दिनको समयसीमा दिई श्रोतकेन्द्रहरुको सूचिकृत हुन वर्षको एक पटक अनुसूची-१ बमोजिमको ढाँचामा स्थानीय पत्रिकामा सूचना प्रकाशन, स्थानीय एफएम बाट प्रसारण र त्यस्तो सूचना कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(२) कृषि तथा पशुपन्छीको श्रोतकेन्द्रहरुको वर्षभरी सुचिकृत गरी मापदण्ड पुरा गरेका श्रोत केन्द्रको कार्यालयले दर्ता गर्न सक्नेछ।

४. **कृषि तथा पशुपन्छी स्रोतकेन्द्रको मापदण्डः** (१) कृषि तथा पशुपन्छीको स्रोत केन्द्रको मापदण्ड अनुसूची-२ बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम मापदण्ड पुरा गरेका सम्बन्धित कृषि तथा पशुपंक्षी श्रोतकेन्द्रले अनिवार्य रुपमा जातीय शुद्दता र गुणस्तर कायम गरेको हुनुपर्नेछ ।

५. **कृषि तथा पशुपन्छी स्रोतकेन्द्रको दर्ताः** (१) कृषि तथा पशुपंक्षी श्रोत केन्द्र दर्ता गर्नको लागि सम्बन्धित स्रोतकेन्द्र धनीले अनुसूची-३ बमोजिम कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछी नियमावलीको अनुसूची-५ बमोजिम कार्यालयबाट प्राविधिक खटाई वा कार्यालयमा सम्बन्धित प्राविधिक नभएको अवस्थामा अन्यत्र कार्यालयबाट माग गरी वा आवश्यकतानुसार विषय विज्ञ, सम्बन्धित निरीक्षक खटाई स्थलगत अनुगमन गरि दफा ४ बमोजिम मापदण्ड पुरा गरे नगरेको प्राविधिक प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन सिफारिसको आधारमा कृषि तथा पशुपंक्षी स्रोत केन्द्रको मापदण्ड पुरा गरेको भए सम्बन्धित कार्यालयमा दर्ता गरि कार्यालय प्रमुखले अनुसूची-४ को ढाँचा बमोजिम इजाजत दर्ता प्रमाणपत्र सम्बन्धित व्यवसायीलाई दिनुपर्नेछ ।

(४) उपदफा ३ बमोजिम श्रोत केन्द्र दर्ताको लागि नियमावलीको नियम ३ को उपनियम (४) बमोजिम दस्तुर रकम रु. एक सय हुनेछ ।

६. **कृषि तथा पशुपन्छी स्रोतकेन्द्रको नवीकरणः** दफा ५ को उपदफा ३ बमोजिम दर्ता भएको श्रोत केन्द्र धनीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पैतिस दिन भित्र नवीकरण दस्तुर रकम रु.एक सय राजश्व खातामा जम्मा गरेको भौचर सहित कार्यालयमा निवेदन दिएर नवीकरण गर्नुपर्नेछ,नवीकरण अवधिको म्याद सकिएमा दोब्बर दस्तुर तिरेर नविकरण गर्न सक्नेछ।

७. **कृषि तथा पशुपन्छी स्रोतकेन्द्रको नियमन**ः मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकताअनुसार जुनसुकै बेला पनि अनुगमन निरीक्षण गर्न सक्नेछ र उक्त समयमा स्रोतकेन्द्रको मापदण्ड पालना नभएको पाइएमा वा गुणस्तरहिन वस्तु उत्पादन तथा विक्री वितरण गरेको पाइएमा पहिलो पटक चेतावनी दिनेछ, सो पश्चात पनि मापदण्ड पालना नगरेमा दफा ५ को उपदफा २ बमोजिम खटिएको प्राविधिकको प्रतिवेदनको आधारमा प्रचलित कानुन वमोजिम हुनेछ।

८. **सार्वजनिक गर्नु पर्नेः** कार्यालयमा दर्ता भएका श्रोतकेन्द्रहरुको विवरण अनुसूची-५ बमोजिमको ढाँचामा वेबसाइट अद्यावधिक गरि सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो अद्यावधिक विवरण त्रैमासिक रुपमा मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

९. **बीमा गर्नु पर्नेः** (१) जोखिम न्युनिकरणको लागि कृषि तथा पशुपंक्षी श्रोतकेन्द्रको बीमालेख जारी भएको हकमा कृषि पशुपन्छी तथा जडीबुटी निर्देशिका, २०७९ बमोजिम बीमा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार स्वयम हुनु पर्नेछ।

१०. **होर्डिङ्ग बोर्ड राख्नुपर्नेः** श्रोतकेन्द्र व्यवसायको प्रकार लगायतका कुरा उल्लेख गरि जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ।

११. **प्रचलित कानून बमोजिम हुने**ः यस निर्देशिकामा लेखिएको विषयमा यसै निर्देशिका बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ... नेपाल

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>सूचना प्रकाशनको ढाँचा</u>**

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

...................... कार्यालय

**श्रोतकेन्द्र दर्ताको लागि सुचिकृत निवेदन आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति ....................**

यस कृषि तथा पशुपंक्षी श्रोतकेन्द्र दर्ता तथा मापदण्ड निर्देशिका, २०८.. बमोजिम मापदण्ड पुरा गरेका लागि सम्बन्धित क्षेत्रका ईच्छुक कृषक, कृषक समूह, सहकारी संस्था, व्यवसायीक फर्म/ कम्पनी/ उद्यमी/ व्यवसायीहरुले श्रोतकेन्द्र दर्ता प्रक्रियाको लागि यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०८....) भित्र तोकिएको ढाँचामा यस कार्यालयमा निवेदन पेस गर्न हुन आह्वान गरिन्छ।

आवश्यक कागजातहरु

(क) संस्था दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(ग) निवेदन

(घ) सहकारीको हकमा गत आर्थिक वर्षको संस्थाको लेखापरीक्षण भएको प्रतिवेदन प्रतिलिपि, गत आर्थिक वर्षसम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण,

(ङ) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(च) अन्य आवश्यक कागजात (अति आवश्यक मात्र)।

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची-२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## कृषि तथा पशुपन्छी स्रोत केन्द्रको मापदण्ड

### (क) मौरी स्रोत केन्द्रको मापदण्ड

(१) मेलिफेरा मौरीको हकमा सय वटा मौरी गोला घार र सेरेनाको हकमा पच्चीस वटा स्थानीय (मूढे) घार वा आधुनिक घार मौरी गोलासहित भएको,

(२) मौरी गोला व्यवस्थापन सम्बन्धी व्यावसायिक अनुभव भएको वा प्राविधिक जनशक्ति भएको,

(३) न्यूनतम तीन वर्ष मौरीपालन र मौरीजन्य उत्पादनमा अनुभव भएको हुनु पर्ने,

(४) रानी मौरी उत्पादनको लागि न्यूनतम एक्काइस दिनको रानी मौरी उत्पादन सम्बन्धी तालिम लिई उत्पादन गरेको हुनु पर्ने,

(५) आधार चाका निर्माणको लागि सञ्चालकले आधार चाका निर्माण सम्वन्धी न्यूनतम ३ दिने तालिम लिई निर्माण गरिरहेको हुनु पर्ने,

(६) चरन क्षेत्रको लागि नजिकको स्थानिय जंगल वा निजी जंगलमा फूलफुल्ने जातका विरुवा भएको हुनु पर्ने,

(७) मौरीपालन सम्बन्धी आवश्यक सामग्री तथा उपकरणहरुको पर्याप्त व्यवस्था भएको हुनुपर्ने

(८) स्वस्थ मौरी गोला, मौरीपालन उपकरण, रोगकीरा व्यवस्थापन, महको गुणस्तर तथा सरसफाई कायम भएको हुनुपर्ने,

(९) मौरीपालन पकेट क्षेत्रमा रासायनिक विषादी प्रयोगलाई निषेध गरिएको हुनु पर्ने,

(१०) मौरी गोलाको संख्या, आम्दानी खर्च लगायत स्रोत केन्द्रको रेकर्ड व्यवस्थापन गरेको हुनु पर्ने,

(११)अन्य कृषकलाई तालिम, प्राविधिक परामर्श, उपकरण तथा औषधिको उपलब्ध गराउन सक्ने।

### (ख) च्याउ बीउ स्रोत केन्द्रको मापदण्डहरु

(१) च्याउको बीउ स्रोत केन्द्रमा Standard Laboratory (Autoclave, Laminar Air Flow Chamber र Incubator) अनिवार्य हुनु पर्ने छ तथा उच्च गुणस्तरको कच्चा पदार्थ र कल्चर मिडिया बनाउनका लागि Potato Dextrose Agar (PDA) लगायतका आवश्यक रसायनहरुको व्यवस्था भएको हुनुपर्ने,

(२) कम्तीमा वार्षिक रुपमा दुई हजार केजी च्याउ बीउ उत्पादन गरेको हुनुपर्ने,

(३) न्यूनतम दुई वर्ष च्याउ तथा च्याउ जन्य उत्पादनमा अनुभव भएको हुनु पर्ने,

(४) GMP (Good Manufacturing Practice) अनुसार सफा र व्यवस्थित कार्यप्रणाली,

(५) च्याउ बीउ उत्पादन सम्बन्धी प्राविधिक ज्ञान तथा तालिम प्राप्त गरि उत्पादन गरिरहेको हुनु पर्नेछ,

(६) च्याउ बीउको स्वस्थता र जातीय शुद्धता कायम भएको गुणस्तरीय हुनुपर्ने,

(७) च्याउ बीउको उत्पादन परिक्षणको लागि आफ्नो च्याउ उत्पादन टनेल भएको र परिक्षण गरिरहेको हुनुपर्ने,

(८) रेकर्ड व्यवस्थापन (च्याउ बीउ,बिक्रि ,खर्च, जातीय गुण लगायत अन्य),

(९) अन्य कृषकलाई तालिम, प्राविधिक परामर्श, उपकरण तथा औषधिको उपलब्ध गराउन सक्ने,

(१०) कृषकबाट सकारात्मक प्रतिक्रिया, नियमित सेवा प्राप्तिको अवस्था।

(ग) <u>बीउ उत्पादन स्रोत केन्द्र तथा पकेट क्षेत्र मापदण्ड</u>

(१) खाद्यान्न, दलहन, तेलहन र रैथाने बालीः हिमाली जिल्लाहरुमा कम्तीमा पाँच मेट्रिक टन तथा बाँकी जिल्लाहरुमा दश मेट्रिक टन,

(२) तरकारी, मसला र नगदे बालीः हिमाली जिल्लाहरुमा कम्तीमा एक मेट्रिक टन तथा बाँकी जिल्लाहरुमा दुई मेट्रिक टन,

(३) आवश्यक न्यूनतम क्षेत्रफलः खाद्यान्न बालीको हकमा दुई हेक्टर तथा तरकारी र घास बालीको हकमा एक हेक्टर हुनुपर्ने।

(४) बीउविजन गुणस्तर नियन्त्रण केन्द्र द्वारा तोकिएका बीउ उत्पादनका सम्पूर्ण मापदण्डहरु र कर्णाली प्रदेश बीउ बिजन ऐन २०८१ बमोजिम प्रकृया पूरा गरि उत्पादित बीउको स्तर प्रमाणित/लेवल लगाएको हुनुपर्ने,

(५) उत्पादित बीउको उचित तथा सुरक्षित भण्डारण (उपयुक्त तापक्रम, चिस्यान र आद्रता) को व्यवस्था भएको हुनुपर्ने,

(६) गुणस्तरीय बीउ उत्पादन सम्बन्धी प्राविधिक ज्ञान भएको तथा आधारभूत बीउ उत्पादन तालिम लिएको हुनुपर्ने,

(७) सम्बन्धित बालीको हाईब्रीड बीउ उत्पादनको लागि प्राविधिक मापदण्ड पूरा गरेको हुनुपर्ने,

(८) हावापानी र भूगोल सुहाउँदो हुनुपर्ने,

(९) बीउको आधारभूत प्रशोधन हुनुपर्ने,

(१०) रेकर्ड व्यवस्थापन च्याउ बीउ बिक्रि ,खर्च, जातीय गुण लगायत अन्य),

(११)अन्य कृषकलाई तालिम, प्राविधिक परामर्श, उपकरण तथा औषधिको उपलब्ध गराउन सक्ने।

(घ) <u>फलफूल नर्सरी स्रोत केन्द्र (फलफूल, पुष्प, आलंकारिक विरुवा आदि)</u>

(१) <u>न्युनतम मापदण्ड</u>

(क) सम्बन्धित फलफूलको विरुवा उत्पादनका लागि भौगोलिक तथा हावापानीको दृष्टिकोणबाट उपयुक्त स्थानमा नर्सरी अवस्थित हुनुपर्ने,

(ख) सुन्तलाको नर्सरीको लागि कम्तीमा समुन्द्र सतहदेखि १३०० मिटर भन्दा माथि हुनुपर्ने,

(ग) नर्सरी स्थापनाको लागि पहाडी जिल्लामा कम्तीमा दुई रोपनी र हिमाली जिल्लामा कम्तीमा एक रोपनी जग्गाको व्यवस्था हुनु पर्ने; आफ्नै जग्गा नभई करारमा लिई नर्सरी स्थापना गर्न चाहेमा कम्तीमा पनि दश वर्षको करार सम्झौता गरिएको हुनुपर्ने,

(घ) वर्षैंभरी पानीको उपलब्धता सुनिश्चित भएको स्थान हुनुपर्ने,

(ङ) वार्षिक विरुवा उत्पादन कार्ययोजना तयार गरि लागु गरेको र रेकर्ड व्यवस्थापन हुनुपर्ने,

(च) वार्षिक रुपमा कम्तीमा १०,००० फलफूलका विरुवा उत्पादन गर्न सक्ने क्षमता भएको संरचनाको निर्माण गर्नु पर्ने,

(ज) नर्सरी धनीसँग कम्तीमा पचास माउबोटको गुणस्तरीय बगैंचा हुनुपर्ने,

(झ) कलमी विरुवा सहितको फलफूल नर्सरी स्रोत केन्द्रका लागि कम्तीमा दश वटा माउ बोट अटाउने क्षमता भएको स्क्रीन हाउस वा सेड हाउस वा नेट हाउस निर्माण गर्नु पर्ने,

(ञ) उत्पादित विरुवाको जातीय शुद्धता सुनिश्चित भएको हुनुपर्ने,

(ट) निर्धारित जातको गुणस्तरीय रुटस्टक र सायन हुनुपर्ने,

(ठ) बिरुवा वा मूलवृत्त (रुटस्टक) उत्पादन गर्न प्रयोग हुने माटो सब्सट्रेट निर्मलीकरण गरिएको हुनुपर्ने।

(२) <u>बिक्री गर्ने फलफूल विरुवाको गुणस्तर मापदण्ड</u>

(क) रोग कीरा रहित स्वस्थ तथा गुणस्तरीय विरुवा हुनुपर्ने,

(ख) उन्नत जातका विरुवालाई प्राथमिकता दिनुपर्ने र जातीय शुद्धता भएको विरुवा हुनुपर्ने,

(ग) कलमी प्रविधि उपयुक्त हुने फलफूल बालीमा कलमी गरिएको विरुवालाई प्राथमिकता दिनुपर्ने,

(घ) सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त हुनुपर्ने,

(ङ) नियन्त्रित जालीघर भित्र उत्पादित सुन्तलाजात फलफूल विरुवालाई प्राथमिकता दिनुपर्ने र सुन्तला नर्सरीको लागि समुन्द्र सतहबाट १३०० मिटर भन्दा बढीको भूगोल हुनुपर्ने,

(च) स्याउको विरुवाको हकमा क्राउन गल रोग तथा सानजोसे स्केल किरा नभएको हुनुपर्ने।

(३) <u>फलफूलको माउबोटको गुणस्तर मापदण्ड</u>

(क) माउबोटको स्रोत खुलेको हुनुपर्ने,

(ख) रोग कीरा नलागेको हुनुपर्ने,

(ग) जात छुट्याएर ट्यागिङ (क्रम सङ्ख्या, नाम, जात, स्रोत, रोपण वर्ष खुलाई) गरिएको हुनुपर्ने,

(घ) सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त छ भन्ने प्रमाणित भएको विरुवा हुनुपर्ने,

(ङ) सुन्तलाजात फलफूलको माउबोटमा सिट्स ग्रिनिङ्ग र सिट्स ट्रिष्टिजा भाइरस मुक्त छ भन्ने प्रमाणित गर्नका लागि हरेक दुई वर्षमा जालीघरभित्र रहेका सुन्तला र जुनारको माउबोटको पि.सि.आर. (PCR- Polymerase Chain Reaction) परीक्षण गरि सिट्स ग्रिनिङ्ग (HLB) नभएको र कागतीको माउबोटको इलाइजा (ELISA- Enzyme Linked Immune Sorbent Assay) परीक्षण गरि सिट्स ट्रिटिजा भाइरस (CTV- Citrus Tristeza Virus) संक्रमण नरहेको भनी प्रयोगशालाबाट परीक्षण गरि पुष्टी भएको हुनुपर्ने,

(च) माउबोटबाट सायन लिंदा फल फल्न शुरु भएको दुई वर्षपछि मात्र लिनु पर्ने,

(छ) फलफूल नर्सरी, विक्रीयोग्य फलफूल विरुवा,सायन तथा रुटस्टक लगायतको प्राविधिक मापदण्डहरु नेपाल सरकारको फलफूल विरुवा उत्पादन तथा व्यवस्थापन प्राविधिक मापदण्ड सम्बन्धी मार्गदर्शन, २०८१ मा व्यवस्था भए बमोजिम हुनेछ।

**(ङ) पशुपन्छी तथा मत्स्य स्रोत केन्द्र (गाई, भैंसी, भेडा, बाखा, चौरी, च्याङ्ग्रा, कुखुरा, कालिज, हाँस, माछा)**

(१) <u>पशुपंक्षीको न्यूनतम संख्या निर्धारण मापदण्डः</u>

| क्र.स. | स्रोत केन्द्र विवरण | न्युनतम पशुपन्छी संख्या (एकल वा सामुहिक) | | कैफियत |
|---|---|---|---|---|
| क) | पशुपन्छी | एकजातीय | बहुजातीय | |
| १ | गाई संख्या | २५ | ५० | |

| | | | | |
|---|---|---|---|---|
| २ | भैंसी संख्या | २५ | ५० | |
| ३ | बाख्रा संख्या | २०० | ३०० | |
| ४ | च्याङ्ग्रा | २०० | ३०० | |
| ५ | भेडा संख्या | २०० | ३०० | |
| ६ | बंगुर | २५ | ५० | |
| ७ | ह्याचरी माछा | १०००० | २०००० | |
| ८ | ह्याचरी प्यारेन्ट संख्या (स्थानीय कुखरा, कालिज, हाँस) | ५०० | १००० | |
| ९ | ह्याचरी प्यारेन्ट संख्या (लेर्यस, गिरीराज) | ३००० | ५००० | |
| १० | चौरी | ५० | १०० | |

(२) <u>पशुपंक्षीको श्रोतकेन्द्र सम्बन्धी अन्य मापदण्ड</u>

(क) पशुपन्छीको कुल संख्यालाई प्रति पशुपन्छीको लागि आवश्यक पर्ने क्षेत्रफलले गुणा गरि आउने जम्मा क्षेत्रफल स्रोत केन्द्रको न्यूनतम क्षेत्रफल हुनेछ। आफ्नै जग्गा नभई करारमा लिई स्रोत केन्द्र स्थापना गर्न चाहेमा कम्तीमा पनि दश वर्षको करार सम्झौता गरिएको हुनुपर्ने,

(ख) न्युनतम पूर्वाधारहरु (उमेर, जात, लिङ्ग, क्वारेन्टाइन, स्वास्थ्य अनुरुप फरक फरक गोठ व्यवस्थापन, दानापानी व्यवस्थापन, चरन व्यवस्थापन, मलमूत्र व्यवस्थापन, जैविक सुरक्षाको व्यवस्थापन, औषधी उपाचारको व्यवस्थापन) भएको हुनु पर्नेछ,

(ग) स्रोत केन्द्रमा अनिवार्यरुपमा एक जना दक्ष प्राविधिक वा संचालक स्वयमले प्राविधिक तालिम लिएको हुनुपर्ने छ,

(घ) स्रोतकेन्द्रले आफ्नो स्तरोन्नतिका लागि अनुसन्धानमुलक कार्यहरु गर्न सक्नेछ,

(ङ) स्रोत केन्द्रले पशुपन्छीको रेकर्ड व्यवस्थापन र Pedigree sheet अनिवार्य बनाउनु पर्नेछ,

(च) स्रोत केन्द्रले पशुपन्छीहरुको अनिवार्य रुपमा वार्षिक खोप तालिका अनुरुप खोप लगाउनु पर्ने,

(छ) स्रोत केन्द्रले असल कृषि तथा पशुपालन अभ्यास कार्यान्वयन गर्नु पर्नेछ,

(ज) गाई, भैंसी र बाख्राको हकमा गुणस्तरीय वीर्य संकलन साथै कृत्रिम गर्भधान समेतलाई प्राथमिकता दिनु पर्नेछ।

(झ) स्रोतकेन्द्रले कृषकलाई प्राविधिक सेवा, तालिम तथा प्रविधि प्रदान गर्न सक्नेछ।

(च) <u>घासे नर्सरी तथा डाले घाँस स्रोत केन्द्र मापदण्ड</u>

| (च) | घासे नर्सरी तथा डाले घाँस स्रोत केन्द्र | एकजातीय | बहुजातीय | कैफियत |
|---|---|---|---|---|
| १ | घाँस तथा डालेघाँस (हेक्टर) | १ | २ | गुणस्तर र जातीय शुद्धता कायम गर्ने |
| २ | नर्सरी विरुवा/सेट्स (संख्या) | १०,००० | २०,००० | |

## अनुसूची-३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**श्रोतकेन्द्र दर्ताको लागि निवेदनको ढांचा**

**श्रोतकेन्द्रको प्रकारः** फलफुल नर्सरी/च्याउ/मौरी/ बीउविजन/गाई/भैसी/बाखा/भेडा/च्यांग्रा/चौरी/ कुखुरा/अन्य.....

**विषयः स्रोत केन्द्र दर्ताको लागि सुचिकृत सम्वन्धमा ।**

श्री ...........(कार्यालयको नाम)

................(ठेगाना)

मितिः

महोदय,

तपसिलमा लेखिए बमोजिमको स्रोतकेन्द्र दर्ता गरि पाऊँ। लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**तपसिल**

१. समूह/सहकारी संस्था/कम्पनी/फर्मको पूरा नामः

२. पूरा ठेगानाः ३. सम्पर्क नम्बरः

४. कुल पूँजीः

५. वार्षिक रुपमा उत्पादन हुने कृषि तथा पशुपन्छी जन्य वस्तुको विवरणः

| क.स | विवरण | जात | संख्या/क्षेत्रफल (हे.) | उत्पादन (संख्या/ मेटन) | कैफियत |
|---|---|---|---|---|---|
| १. | विक्रीयोग्य | | | | |
| १.. | | | | | |
| १.२ | | | | | |
| १.३ | | | | | |
| २. | सानो/नर्सरी अवस्था | | | | |
| २.१ | | | | | |
| २.२ | | | | | |
| ३ | | | | | |

नोटः यो विवरण दर्ता गर्दा र नवीकरण गर्दा अनिवार्य रुपमा भर्नुपर्नेछ

६. व्यक्ति/समूह/सहकारी/कम्पनी/फर्मको नाममा हानीनोक्सानी भए घर घरानाबाट व्यहोर्न राजी हुनेः

७. भौगोलिक विवरणः

क) कुल जग्गाको क्षेत्रफलः........ ख) उचाईः समुद्री सतहबाट........ मिटर ग) मोहडा.............

८. उपलब्ध सुविधाः (अ) बाटो (छ/छैन) (आ) विद्युत (छ/छैन)

(इ) सिंचाइ (छ/छैन) (ई) सिंचाइको प्रकारः मौसमी....... वर्षभरी.......

निवेदकको दस्तखतः

नाम र ठेगानाः

छाप

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर,सुर्खेत, नेपाल

**निवेदनसाथ पेश गरेको कागजातहरुः**

१. जग्गाधनीपूर्जाको प्रतिलिपि/लिज करारको प्रतिलिपि
२. तालिम लिएको प्रमाणपत्र
३. अन्य.....

अनुसूची-४

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय / पशुपंन्छी बिकास निर्देशनालय

.................. कृषि/पशुसेवा कार्यालय,...........।

संचालकको फोटो

स्रोतकेन्द्र दर्ता नम्बरः ... .. .. ( कृषि/पशुपन्छी )

दर्ता मितिः

## <u>स्रोतकेन्द्र दर्ताको प्रमाण-पत्र</u>

श्री ............................

....................................

यस कार्यालयमा मिति ............................. मा प्राप्त निवेदन उपर कारबाही हुँदा ...................... गाउँपालिका/नगरपालिका, वडा नं. ....... मा स्थापना हुने... ............... ............. .......... .........स्रोतकेन्द्रलाई **"कृषि तथा पशुपंक्षी श्रोतकेन्द्र दर्ता तथा मापदण्ड सम्बन्धी निर्देशिका, २०८२ दफा ५ को उपदफा ३ बमोजिम** कृषि तथा पशुपंक्षी श्रोतकेन्द्रको गुणस्तर मापदण्ड तथा अन्य शर्तहरु पालना गर्ने गरि दर्ता गरि यो प्रमाणपत्र प्रदान गरिएको छ। प्रचलित ऐन, नियमको पालना गर्नुहोला।

प्रोप्राईटरको नाम:

स्रोत केन्द्रको नाम:

ठेगानाः

सम्पर्क नंः

उद्देश्यः

<u>उत्पादन गर्ने प्रमुख कृषि/पशुपन्छीजन्य वस्तुको विवरण:</u>

क) फलफूल नर्सरीः स्याउ/ओखर बिरुवा/ सुन्तलाजात फलफूल

ख) तरकारी बीउ

ग) गाई भैंसी स्रोत

घ) अन्य....

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

दर्ता अधिकारीको

सहीः

नाम, थरः

पदः

मितिः

# नवीकरण सम्वन्धी विवरण

| नवीकरण मिति | प्रमाण पत्र वहाल रहने मिति | नवीकरण दस्तुर | भौचर नं. र मिति | प्रमुखको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र नविकरण गरि सक्नु पर्नेछ।

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची-५

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**कृषि तथा पशुपंक्षी श्रोतकेन्द्रको विवरण**

| क्र.सं. | श्रोतकेन्द्रको नाम | ठेगाना | सम्पर्क नम्बर | संचालकको नाम | प्रमूख कृषि जन्य वस्तु | वार्षिक रुपमा उत्पादन क्षमता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |